मिति:२०७९/२/२५

श्री सीताराम हाछेथु ज्यू ,
नगर प्रहरी प्रमुख
ललितपुर महानगरपालिका, ललितपुर

बिषय: अनुरोध सम्बन्धमा ।

नगर प्रहरी प्रमुख ज्यू ,

विश्व सूर्तिजन्य पदार्थ रहित दिवस मे ३१, २०२२ को उपलक्ष्यमा "सूर्तिजन्य पदार्थ त्यागौं स्वास्थ्य र वातावरण जोगाऔं" विषयक अर्न्तक्रिया कार्यक्रममा यहाले विशेस अतिथिको रुपमा हाम्रो आमन्त्रण स्वीकार गरि उपस्थिति जनाईदिनु भएकोमा यहाँप्रती आभार व्यक्त गर्न चाहन्छौ । साथै यहाँले ललितपुर महानगरपालिकामा सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमनका क्षेत्रमा गरेका कार्यहरुको हृदयदेखि नै प्रशंसा गर्न चाहन्छौ ।

यहाँलाई अवगत नै छ  नेपालमा कुल जनसंख्याको २९ प्रतिशत मानिसहरु धुम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन गर्दछन । सूर्तिजन्य पदार्थको सेवनबाट नेपालमा हरेक वर्ष २७ हजार १ सय मानिसहरुको अल्पआयुमै मृत्यु हुने गर्दछ । जुन नेपालमा हुने कुल मृत्युको १५ प्रतिशत रहेको छ । साथै प्रमुख नसर्ने रोगहरु जस्तै क्यान्सर, हृदयघात, मृगौला सम्बन्धि रोग, दम मधुमेह तथा उच्च रक्तचाप आदि रोगहरुको प्रमुख कारण सूर्तिजन्य पदार्थको सेवन हो भन्ने तथ्य विश्व स्वास्थ्य संगठनको अनुसन्धानले देखाएको छ । त्यस्ता रोगको उपचारका लागि प्रत्येक वर्ष झण्डै ४७ अर्ब नोक्सान भइरहेको छ ।  जुन कुल ग्राहस्त उत्पादनको १ प्रतिशत भन्दा बढि हुन आउँछ ।

सूर्तिजन्य पदार्थको सेवनबाट हुने मृत्यु र आर्थिक नोक्सानी रोक्न तथा जनचेतना, स्वास्थ्य तथा आर्थिक हित अभिवृद्धि गर्न नेपाल सरकारले सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न तपशिल बमोजिमका ऐन, नियमावली तथा निर्देशिका बनाई लागु गरिसकेको समेत यहाँलाई अवगतै छ ।

१. सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८

२. सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८

३. सूर्तिजन्य पदार्थको बट्टा प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१

४. सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका, २०७१

५. सूर्तिजन्य पदार्थ नियन्त्रण महासन्धि २०३० रणनीति

६. फुट्कररुपमा चुरोट विंडी वा सिगारको खिल्ली बिक्रि वितरण गर्न नपाउने नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७२/१०/१० को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना

तर झण्डै १० वर्ष अघि बनेका कानुनहरु अझै पनि प्रभावकारी रुपमा कार्यान्वयन नहुँदा सूर्तिजन्य पदार्थको रोकथाम तथा नियन्त्रण अपेक्षित रुपमा हुन सकेको छैन । उक्त कानुनहरुको कार्यान्वयन नभएका केही बुँदाहरु तपशिल बमोजिम रहेका छन् ।

**सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) कानुनको कार्यान्वयन नभएका केही बुँदाहरु**

| क.सं. | ऐन, नियमावली र निर्देशिका | कानूनमा के छ ? | कार्यान्वयन भए/नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र राख्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ | दफा ३ को उपदफा १ अनुसार उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा,- र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबलको बाहिरी कुल भाग मध्ये कम्तिमा ९० प्रतिशत भागमा सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने लगायतका चेतावनीमूलक सन्देश र सूर्तिजन्य पदार्थ सेवनको असरबाट भएको घातक, रंगीन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अंकित गर्नु पर्नेछभनि स्पष्ट उल्लेख गरिएको छ। | नभएको | केहि विदेशी चुरोट कम्पनीहरुले निर्देशिका अनुसार ९० प्रतिशत चित्र छापे पनि नेपालकै सबैभन्दा ठूलो उद्योग सूर्य नेपाल प्रा.लि. ले उक्त निर्देशिकाको ठाडै उल्लघन गर्दै आईरहेको छ।<br><br>**अनुसूचि १:** |
| २ | सूर्तिजन्य पदार्थ ( नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ | दफा ४ को उपदफा १ मा कसैले पनि सार्वजनिक स्थानमा धुम्रपान तथा सूर्ति सेवन गर्न पाउने छैन भनि उल्लेख गरिएको छ। | नभएको | अहिले पनि सार्वजनिक स्थानहरुमा धुम्रपान र सूर्ति सेवन खुल्ला रुपमा गरिरहेको पाईएको छ।<br>**अनुसूचि २:** |
| ३ | सूर्तिजन्य पदार्थ ( नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ | दफा ११को उपदफा (१) अनुसार कसैले पनि १८ वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा नि:शुल्क उपलब्ध गराउन पाउने छैन भनि स्पष्ट उल्लेख गरिएको छ। | नभएको | अझै पनि जो कोहिले निर्बाधरुपमा सजिलै चुरोट तथा सूर्तिजन्य पदार्थ किन्ने गरेको पाईएको छ। |
| | | दफा ११ को उपदफा ३ अनुसार कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटर भित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ विक्री वितरण गर्न गराउन पाउने छैन भनि स्पष्ट उल्लेख गरिएको छ। | नभएको | अझै पनि उल्लेख गरिएका सार्वजनिक स्थानहरुमा एक सय मिटर भित्र बिक्रि बितरण गर्ने गरेको पाईएको छ।<br><br>**अनुसूचि ३:** |
| | | दफा ११ को उपदफा ४ अनुसार कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने गरी नेपाल राजपत्रमा स्पष्ट उल्लेख गरिएको छ। | नभएको | अझै फुटकर रुपमा खिल्ली बिक्रि वितरण गरेको पाईएको छ।<br><br>**अनुसूचि ४:** |

देश कोरोना संक्रमणको महामारीले आक्रान्त भएको बेलामा समेत ललितपुर महानगरमा मुख्य चार वटा क्षेत्रहरु पाटन दरबार स्क्वायर, जावलाखेल, लगनखेल र पुल्चोक क्षेत्रलाई धुम्रपान निषेधित क्षेत्र घोषणा गरि धूँवा रहित स्वच्छ र स्वस्थ महानगरपालिका बनाउन खेल्नु भएको भुमिकाको महानगरबासी लगायत सम्पुर्ण नेपालीले प्रशंसा गर्दै आइरहेका छन् । तर अझै पनि ललितपुर शहरलाई पुर्णरुपमा धुम्रपान र सूर्तिजन्य पदार्थ रहित बनाई स्वच्छ र स्वस्थ महानगरपालिका बनाउन सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न बनेका कानुनहरुको पूर्ण रुपमा कार्यान्वयन गर्न आवश्यक रहेको छ ।

विश्व सूर्तिजन्य पदार्थरहित दिवस मे ३१, २०२२ को अवसरमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, ललितपुर महानगरपालिका, द युनियन, स्वास्थ्य पत्रकार मंच र एक्सन नेपालको सयुक्त आयोजनामा गरिएको अर्न्तक्रिया कार्यक्रममा ललितपुर महानगरपालिकालाई सूर्तिजन्य पदार्थ मुक्त शहर बनाउन यहाँले गर्नु भएका प्रतिबद्धतालाई समेत मध्यनजरगरि सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने सम्बन्धमा बनेका ऐन, कानुनको आधारमा निम्न लिखित बुँदाहरु तत्काल लागु गर्न हार्दिक अनुरोध गर्दछौं ।

१. महानगरपालिकाका सबै सरोकारवालाहरु वडा अध्यक्ष, अस्पताल सञ्चालक, रेष्टुरेन्ट प्रवन्धक, स्कुल कलेज सञ्चालक (प्रिन्सिपल), सहायक प्रमुख जिल्ला अधिकारी, प्रहरी, स्वास्थ्यकर्मीहरु सँग ललितपुरलाई स्वस्थ महानगर बनाउन बैठक राख्ने ।
२. सार्वजनिक स्थलमा धुम्रपान नगर्न नगराउन सार्वजनिक सूचना प्रकाशन गर्ने र त्यस्ता सार्वजनिक स्थलमा धुम्रपान निषेधित साईन बोर्ड तत्काल राख्ने ।
३. धुम्रपानको असर र सार्वजनिक स्थलमा धुम्रपान नगर्न रेडियो बाट सूचना बजाउने ।
४. स्कुल, अस्पतालको १०० मीटर वरिपरि सूर्तिजन्य पदार्थ बिक्रिवितरणमा रोक लगाउने र बिक्रिवितरण गरेमा कानून बमोजिम सजाय गर्ने ।
५. गर्भवती महिला र १८ वर्ष मुनिका बालबालिकालाई सूर्तिजन्य पदार्थ र मदिरा बिक्रिवितरण नगर्ने, नगर्न लगाउने, सूचना टाँस गर्ने । सो को लागि स्टीकर बनाई टाँस गर्न लगाउने ।
६. रेष्टुरेन्ट, होटल र बारहरुको हकमा अन्य व्यक्तिहरुलाई असर नपर्ने गरि छुट्टै खुल्ला ठाँउमा मात्र SMOKING ZONE बनाउन पत्राचार गर्ने र सो कार्यान्वयन भए नभएको बारे समय समयमा निरक्षण गर्ने ।
७. महानगरका सबै वडाहरु, अस्पतालमा SMOKE FREE SIGNAGE टाँस्ने र वडा अर्न्तगतका रेष्टुरेन्ट अस्पतालहरुलाई SMOKE FREE बनाउन वडाहरुलाई उत्तरदायी बनाउने ।
८. जिल्ला प्रशासन कार्यालय मार्फत जिल्लाका सबै सरकारी कार्यालयहरुमा NO SMOKING SIGNAGE टाँस गर्न लगाउने र कार्यालय हाताभित्र सूर्तिजन्य पदार्थ सेवनमा रोक लगाउने ।
९. सूर्ति तथा मदिराजन्य पदार्थ विक्रिवितरणका लागि नगरपालिका बाट छुट्टै ईजाजतपत्र लिनुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन गर्ने ।
१०. सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन निर्देशिका, २०७१ को दफा १६ उपदफा १ (ख) अनुसार सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन उपसमिति गठन गर्नु पर्ने व्यवस्थाको कार्यान्वयन गर्ने ।

साथै ललितपुर महानगरपालिकालाई सूर्तिजन्य पदार्थ रहित शहर बनाई स्वस्थ र सफा महानगर बनाउने पवित्र कामले अन्य महानगरपालिका, नगरपालिका तथा गाउँपालिका प्रमुखहरुलाई उत्प्रेरणा दिने र जनताको स्वास्थ्य र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चिचता गर्न यहालाई हार्दिक अनुरोध गर्दछौ । यो कार्य अभियानको रुपमा देशभरिका ७५३ वटै पालिकाहरुमा अगाडि बढ्ने छ भन्नेमा हामी विश्वस्त छौ ।

......................................


मोहित सिंह ठगुन्ना
अनुसन्धान तथा मुल्याङ्कन अभिकृत
एक्सन नेपाल


## अनुसूचि १:

केहि स्वदेशी तथा विदेशी चुरोट कम्पनीहरुले निर्देशिका अनुसार ९० प्रतिशत चित्र छापे पनि नेपालकै सबैभन्दा ठूलो उद्योग सूर्य नेपाल प्रा.लि. ले उक्त निर्देशिकाको ठाडै उल्लघन गर्दै आईरहेको छ ।

- सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, नियमावली र निर्देशिका अनुसार ९० प्रतिशत चेतावनीमूलक चित्र अंकित चुरोट















- सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, नियमावली र निर्देशिका विपरित नेपालकै सबैभन्दा ठूलो उद्योग सूर्य नेपाल प्रा.लि. का चुराटेहरु













## अनुसूचि २:

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ४ को उपदफा १ मा कसैले पनि सार्वजनिक स्थानमा धुम्रपान तथा सूर्ति सेवन गर्न पाउने छैन भनि स्पष्ट उल्लेख गरिएको भए पनि प्रभावकारी कार्यान्वयन भएको पाईएको छैन् ।



*फोटो : चिढियाखाना प्रवेश द्धार मै धुम्रपान गर्दै*



*फोटो : ललितपुर महानगरपालिका सँगै रहेको पाटीमा भेटिएका चुरोटका ठुटाहरु ।*

**अनुसूचि ३:**

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ अनुसार कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटर भित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ विक्री वितरण गर्न गराउन पाउने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । **तर अझै पनि यी माथि उल्लेख गरिएका स्थान वरपर सूर्तिजन्य पदार्थ बिक्रि बितरण गर्ने गरेको पाईएको छ ।**








*फोटो : जावलाखेलको सार्वजनिक स्थल (पार्क) र अल्का हस्पीटल नजिकै सजावटका साथ यत्रतत्र खुल्लारुपमा सूर्तिजन्य पदार्थ विक्रिवितरण गरिदै*

**अनुसूचि ४:**

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ११ को उपदफा ४ अनुसार कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने भनि ***नेपाल राजपत्र भाग ५ मा माघ ११, २०७२*** नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको सूचना प्रकाशित गरिएको छ ।



खण्ड ६५ संख्या ४२ नेपाल राजपत्र भाग ५ मिति २०७२।१०।११

**भाग ५**

नेपाल सरकार

**स्वास्थ्य मन्त्रालयको सूचना**

नेपाल सरकारले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ११ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।


आज्ञाले
शान्त बहादुर श्रेष्ठ
नेपाल सरकारको सचिव

**तर व्यवहारमा प्रति खिल्ली मुल्य सुचि टाँसि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्ने गरेको पाईएको छ ।**









## निरिक्षक तोक्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषदले मिति २०७४/१०/१० गरको निर्णय

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

### राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र

पचली, टेकु
काठमाडौं, नेपाल

प.सं.: ०७४/७५
च.नं.: १०८३

मिति: २०७५।०१।१०

विषय : निरीक्षक तोकिएको सम्बन्धमा

श्री जिल्ला जन/स्वास्थ्य कार्यालय,
७७ वटै
श्री गाँउपालिका, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका,
७५३ वटै ।

उपरोक्त सम्बन्धमा नेपाल सरकार,मन्त्री परिषदको मिति २०७४ १० १० को निर्णय अनुसार सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ को दफा १२ (१) बमोजिम सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न तपसिल बमोजिम निरीक्षक तोकिएको व्यहोरा कार्यार्थ अनुरोध गर्दछु ।

तपसिल

१. सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न सबै जिल्लाका प्रशासन कार्यालयका ७७ जना सहायक प्रमुख जिल्ला अधिकारीहरुलाई निरीक्षक तोक्ने र कुनै जिल्लामा २ जना वा सो भन्दा बढी सहायक प्रमुख जिल्ला अधिकारी रहेको भए सोही जिल्लाको प्रमुख जिल्ला अधिकारीले निरीक्षक तोक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

२. सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न सबै गांउपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकाका ७५३ जना प्रमुख प्रशासकीय अधिकृतहरुलाई निरीक्षक तोक्ने ।

२०७५/१/१०

सुनिल राज शर्मा
निर्देशक